## संवत् २०७९ साल असार ६ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश प्रमुख अनुपस्थितिमा प्रदेश प्रमुखले गर्नुपर्ने कामको उपयुक्त व्यवस्था गर्ने विषयमा कानूनको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

२. गृह मन्त्रालयः जयपृथ्वी बहादुर सिंहलाई नेपालको राष्ट्रिय विभूति घोषणा गर्ने ।

३. गृह मन्त्रालयः नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको (पाँचौं संशोधन) विधान, २०७९ स्वीकृत गर्ने।

४. परराष्ट्र मन्त्रालयः मित्रराष्ट्र भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीको नेपाल भ्रमणको अवसरमा सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गर्ने ।

५. रक्षा मन्त्रालयः प्रमुख सेनानी विजु गुरुङ्ग समेत ३ (तीन) जना प्रमुख सेनानीहरूलाई अवकाश पूर्व विशेष बढुवा गर्ने।

६. वन तथा वातावरण मन्त्रालयः कोहलपुर-सुर्खेत १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

७. रक्षा मन्त्रालयः प्रमुख सेनानी विजु गुरुङ्ग समेत ३ (तीन) जना प्रमुख सेनानीहरूलाई अवकाश पूर्व विशेष बढुवा गर्ने।

८. वन तथा वातावरण मन्त्रालयः कोहलपुर-सुर्खेत १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीलाई लागेको आरोपको जाँचबुझ गर्ने ।

१०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय समाचार समितिको अध्यक्षमा धर्मेन्द्र झालाई नियुक्त गर्ने ।

११. संयुक्त राज्य अमेरिकाको State Partnership Program (SPP) अघि नबढाउने।

१२. सबै सरकारी निकायहरूले वैदेशिक एवं कुटनीतिक सम्बन्धका विषयहरूमा पत्राचार गर्दा अनिवार्य रूपमा परराष्ट्र मन्त्रालयमार्फत गर्ने।

१३. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री विनोद प्रकाश सिंहलाई बढुवा गरी प्रदेश नं.१ को प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

## संवत् २०७९ साल असार १४ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृत दिने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः Asian Institute of Technology, Thailand मा सञ्चालन हुने Governance and Anti Corruption विषयक तालिममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्तलाई सहभागिता जनाउन स्वीकृति प्रदान गर्ने ।

४. अर्थ मन्त्रालयः अष्ट्रियाको भियनामा आयोजना हुने “The Practice of Double Tax Treaties” सम्बन्धी कार्यक्रममा सहभागी हुन सचिव (राजस्व)लाई स्वीकृति प्रदान गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

५. अर्थ मन्त्रालयः निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतमा श्री रमेश घिमिरेलाई नियुक्त गर्ने ।
६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः वीरगंज-सिमरा-पोखरिया प्रसारण लाइनको टावर तथा सबस्टेसनको लागि जग्गा प्राप्ति गर्ने ।
७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः सिंगापुरमा आयोजना हुने 14th South Asia Power Secretaries Roundtable (PSRT) विषयक सचिवस्तरीय बैठकमा सहभागी हुन सचिव (ऊर्जा) र सचिव (जल तथा ऊर्जा आयोगको सचिवालय) लाई स्वीकृति दिने ।
८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः काठमाडौं उपत्यका र काभ्रेपलाञ्चोक जिल्लाभित्र प्रसारण लाइन तथा सबस्टेसनहरूमा संरचनागत सुधार, स्तरोन्नति तथा विस्तार गर्नको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।
९. गृह मन्त्रालयः विभूषणमा प्रयोग हुने सुनको परिमाण घटाई बनोटमा हेरफेर गर्ने ।
१०. गृह मन्त्रालयः सशस्त्र प्रहरी (दोस्रो संशोधन) नियमावली, २०७९ को मस्यौदा उपर लोक सेवा आयोगको परामर्श लिने ।
११. परराष्ट्र मन्त्रालयः अष्ट्रेलियाको पश्चिम अष्ट्रेलिया राज्यमा कार्यरत अवैतनिक नेपाली वाणिज्यदूत Mr. Federich Neil Brown लाई पदोन्नति सहित पदावधि थप गर्ने।
१२. परराष्ट्र मन्त्रालयः न्यूजिल्याण्डको Auckland, Waikato र Northland हेर्नेगरी नेपाली मूलका न्युजिल्याण्डका नागरिक दिनेश खड्कालाई अवैतनिक नेपाली वाणिज्यदूत नियुक्त गर्ने ।
१३. वन तथा वातावरण मन्त्रालयः मध्य भोटेकोशी जलविद्युत आयोजनाको २२० के.भी. प्रसारण लाइनको लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।
१४. वन तथा वातावरण मन्त्रालयः भलौंदी खोला जलविद्युत आयोजना (२.६४५ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।
१५. वन तथा वातावरण मन्त्रालयः बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा कार्बन व्यापारको लागि कार्बन सञ्चितिको प्रति इकाइ मूल्य निर्धारणसहित कार्बन उत्सर्जन न्यूनीकरण खरिद सम्झौताको अन्तिम दस्तावेज तयार गर्न नेपाल सरकारको तर्फबाट LEAF Coalition/ Emergent Forest Finance Accelerator, Inc. सँग वार्ता गर्न रेड कार्यान्वयन केन्द्रको सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने।
१६. वन तथा वातावरण मन्त्रालयः भेडेटार स्काई वाक निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।
१७. वन तथा वातावरण मन्त्रालयः महाकाली पुल आयोजना क्षेत्रमा रहेका रुखहरू हटाउन स्वीकृति दिने ।
१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः बृहत्तर जनकपुर क्षेत्र बिकास परिषदको अध्यक्षमा शितल शाह पूर्वेलाई नियुक्त गर्ने।
१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती सेवा पुरस्कार सिफारिस समितिको सदस्यमा पूर्व मुख्यसचिव सोमलाल सुवेदीलाई तोक्ने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल टेलिभिजनको कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधा नेपाल सरकारको विशिष्ट श्रेणीले पाएसरह हुनेगरी निर्धारण गर्ने।
२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९ स्वीकृत गर्ने ।
२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः हलुका सवारी चालकको काम गरिरहेका श्रेणीविहीन स्थायी कार्यालय सहयोगी पदका कर्मचारीहरूको सेवा, समूह र पद परिवर्तन गर्न स्वीकृति प्रदान गर्ने ।
२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको नयाँ ऐन तर्जुमाका लागि विधेयकको मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति दिने ।
२४. लोक सेवा आयोगका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री महेन्द्रप्रसाद गुरागाईले मिति २०७९/०३/१६ गतेदेखि लागू हुने गरी आफ्नो पदबाट दिनुभएको राजीनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने ।
२५. नेपाल स्याटेलाईट टेलिकम प्रा.लि.को अनुमतिपत्र खारेज गर्ने गरी नेपाल दूरसञ्चार प्राधिकरणबाट भएको मिति २०७८/०८/१० मा भएको निर्णय मिलेकै देखिँदा उजुरीकर्ताको उजुरीपत्र खारेज हुने ।

**संवत् २०७९ साल असार २१ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः भारतको नयाँ दिल्लीमा आयोजना हुने Redefining The Future कार्यक्रममा सहभागितका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई स्वीकृति प्रदान गर्ने।
२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः Economic and Social Council (ECOSOC) High level political Forum, Ministerial Segment एवं High level Segment कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने ।
३. अर्थ मन्त्रालयः खानेपानी क्षेत्रको सुशासन र पूर्वाधार सहयोग आयोजनाको लागि विश्व बैंकबाट प्राप्त हुने ५९.६ मिलियन एस.डि.आर. (करिब १० अर्ब रुपैयाँ) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने ।
४. अर्थ मन्त्रालयः नेपाल प्रहरीमा क्षमता विकाससहितको साइबर ब्युरो स्थापनाका लागि गणतन्त्र कोरिया सरकारबाट प्राप्त हुने अमेरिकी डलर ८ मिलियन (करिब रु.१ अर्ब) अनुदान सहायता स्वीकार गर्ने ।
५. अर्थ मन्त्रालयः हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लागि खाना पकाउने आधुनिक, दक्ष तथा जलवायु मैत्री स्वच्छ ऊर्जाको प्रवर्द्धनका लागि प्राप्त हुने अमेरिकी डलर २१.१२ मिलियन अनुदान सहायता स्वीकार गर्ने ।
६. अर्थ मन्त्रालयः हरित तथा नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि युरोपियन युनियनबाट प्राप्त हुने युरो ४.५ मिलियन (करिब ने.रु. ५९ करोड ४० लाख) बरावरको आर्थिक/प्राविधिक सहायता स्वीकार गर्ने ।
७. अर्थ मन्त्रालयः राष्ट्रिय बीमा संस्थानको सञ्चालक समितिको अध्यक्षमा ईश्वर पौडेललाई नियुक्त गर्ने।

८. अर्थ मन्त्रालयः नागरिक लगानी कोषको सञ्चालक समितिको अध्यक्षमा प्रा.डा. सूर्य बहादुर थापालाई नियुक्त गर्ने ।

९. अर्थ मन्त्रालयः पहाडी क्षेत्रमा काष्ठफल तथा फलफूल आयोजनाको लागि एसियाली विकास बैंकबाट सहुलियतपूर्ण ऋण तथा अनुदान सहायतासम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिन वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी दिने ।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः रामेछाप वितरण केन्द्र मातहतको सुनापती नोलाइट केन्द्रको लागि जग्गा प्राप्ति गर्ने ।

११. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको प्रबन्ध पत्र र नियमावली स्वीकृत गर्ने ।

१२. गृह मन्त्रालयः विभूषण समितिको सदस्यमा संगीतकार शम्भूजीत बासकोटालाई तोक्ने ।

१३. गृह मन्त्रालयः नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदबाट फिर्ता लिन स्वीकृति दिने ।

१४. गृह मन्त्रालयः सशस्त्र प्रहरी (दोस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने ।

१५. परराष्ट्र मन्त्रालयः कुवेत र कतारस्थित नेपाली नियोगका स्थानीय कर्मचारीको तलब वृद्धि गर्ने।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः प्रत्येक वर्ष बैशाख १ गते "घर जग्गा रजिष्ट्रेशन" दिवस मनाउन स्वीकृत दिने ।

१७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः राष्ट्रिय बाल अधिकार परिषद्को कार्यकारी निर्देशकलाई पदमुक्त गर्ने तथा परिषदको रिक्त पदाधिकारीहरू मनोनयन/नियुक्त गर्ने ।

१८. वन तथा वातावरण मन्त्रालयः बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालय रामनगर चितवनलाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

१९. वन तथा वातावरण मन्त्रालयः कर्णाली प्रदेशको प्रादेशिक सरुवा रोग अस्पताल निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

२०. वन तथा वातावरण मन्त्रालयः शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट विस्थापितहरूलाई मुआब्जा उपलब्ध गराउन कार्यदल गठन गर्ने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः भाषा आयोगका सदस्यमा डा. अमरराज गिरी समेत ५ जनालाई नियुक्त गर्ने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः लुम्बिनी विकास कोषद्वारा २५६६ औं बुद्ध जयन्ती तथा लुम्बिनी दिवस कार्यक्रम सम्पन्न गर्न भएको खरिद कार्यलाई सैद्धान्तिक स्वीकृति दिने ।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः बेलौरी नगरपालिकासमेत ४ स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

२४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल दूरसञ्चार प्राधिकरणको प्राविधिक सदस्य पदमा श्री रविन्द्र झा र लेखा तथा लेखापरीक्षण सदस्य पदमा श्री गोकर्ण प्रसाद सिटौलालाई नियुक्त गर्ने ।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः प्रमुख विशेषज्ञ पदमा डा. संगिता कौशल मिश्रालाई बढुवा नियुक्त गर्ने ।

२६. अर्थ मन्त्रालयः "हेजिङ्ग नियमावली, २०७९" स्वीकृत गर्ने ।
२७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः "वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९" स्वीकृत गर्ने।
२८. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव डा. दिपक कुमार खराललाई बढुवा गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिव (पशुपन्छी विकास) पदमा पदस्थापन गर्ने।
२९. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव डा. गोपिकृष्ण खनाललाई बढुवा गरी अतिरिक्त समूहमा पदस्थापन गर्ने।

**संवत् २०७९ साल असार २४ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक खरिद पुनरावलोकन समितिका सदस्यमा वासुदेव शर्मा पौडेललाई नियुक्त गर्ने।
२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेतृत्व मूल्याङ्कन समितिको सदस्यमा नेपाल सरकारको पूर्व सचिव श्री कृष्ण ज्ञवाली समेत २ जनालाई तोक्ने ।
३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशकसम्बन्धी अवधारणापत्र र कार्ययोजना २०७२ को विद्युत उत्पादन सम्मिश्रणमा पुनरावलोकन गर्ने।
४. गृह मन्त्रालयः नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने ।
५. गृह मन्त्रालयः विविध शर्तहरुको अधीनमा रहने गरी नापी विभागमा रहेको नेपाल-भारत सीमा सम्बन्धी स्ट्रिप नक्सा सशस्त्र प्रहरी बल, नेपाललाई उपलब्ध गराउने।
६. मित्रराष्ट्र जापानका पूर्व प्रधानमन्त्री शिन्जो आवेको गोली प्रहार गरी हत्या भएकोमा उक्त निन्दनीय कार्यको नेपाल सरकार घोर भर्त्सना गर्दछ। उहाँको निधनप्रति गहिरो दुःख प्रकट गर्दै जापान सरकार, जापानी जनता र स्वर्गीय आवेको परिवारजनप्रति नेपाल हार्दिक समवेदना व्यक्त गर्दछ। स्वर्गीय आवेको सम्मानमा मिति २०७९ असार २५ गते शनिबार राष्ट्रिय शोक मनाउने।
७. युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी निर्देशक श्री विश्व मोहन अधिकारीलाई नेपाल व्यवस्थापन संघको २० औं प्रबन्ध समितिमा २ वर्षे कार्यकालका लागि नेपाल सरकारको प्रतिनिधिका रूपमा मनोनयन गर्ने ।
८. मदन भण्डारी फाउण्डेशनलाई फाउण्डेशनका कार्यहरू सञ्चालनार्थ अर्थ मन्त्रालयले पाँच करोड रुपैयाँ उपलब्ध गराउने ।

**संवत् २०७९ साल असार ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक कुलदेव थापालाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा नियुक्ति तथा पदस्थापन गर्ने ।
२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः माथिल्लो कर्णाली जलविद्युत परियोजना (९०० मे.वा.) को वित्तीय व्यवस्थापन (Financial Close) को म्याद थप गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

३. अर्थ मन्त्रालयः पेट्रोलियम पदार्थमा पूर्वाधार कर वापत मूल्य समायोजन भएको रकम रु.५९ करोड ८६ लाख ८० हजार अनुदान स्वरुप उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत नेपाल आयल निगमलाई उपलब्ध गराउने।

४. अर्थ मन्त्रालयः पेट्रोलियम पदार्थको मूल्य समायोजन भएको कारण नेपाल आयल निगमले इण्डियन आयल कर्पोरेशन लिमिटेडलाई भुक्तानी दिन रकम अपुग भएकाले, नेपाल सरकार अर्थ मन्त्रालयले नेपाल आयल निगमलाई रु.७ (सात) अर्ब ऋण लगानी गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः व्यापारका लागि सहायताको विश्वव्यापी पुनरावलोकन कार्यक्रममा सहभागिताका लागि सचिव (वाणिज्य तथा आपूर्ति) लाई स्वीकृति प्रदान गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल-तिब्बत व्यापार सहजीकरण समितिको दशौं बैठक २ श्रावण, २०७९ मा भर्चुअल माध्यमबाट आयोजना गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः कुरकुरे, कुरमुरे, लेज र यस्तै उत्पादन समेतका विभिन्न १० (दश) वस्तुको पैठारीमा लगाइएको बन्देजलाई निरन्तरता दिने ।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने ।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः High level Exposure Visit in Agriculture Research and Seed Sector Development in Kenya मा मन्त्रालयका सचिवलाई सहभागिता जनाउन स्वीकृति दिने।

१०. गृह मन्त्रालयः जुरे पहिरो पीडित समुदायका लागि जनस्तरबाट सङ्कलित रकम जुरे पहिरो पीडित समुदायले छनौट गरेको सामुदायिक विकास र पूर्वाधारको आयोजनामा लगानी गर्ने गरी परियोजना विकास गर्ने र उक्त परियोजना जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा सञ्चालन गरी कार्यान्वयन गर्ने गराउने गरी कोषमा जम्मा भएको रकम फुकुवा गर्न स्वीकृति दिने।

११. गृह मन्त्रालयः कसूरजन्य सम्पत्तिबाट प्राप्त हुने जग्गा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई उपलब्ध गराउने ।

१२. गृह मन्त्रालयः लुम्बिनी गार्डेन फाउण्डेसनले उपलव्ध गराउन प्रस्ताव गरेको Jadeite Stone को बुद्धमूर्ति उपहार स्वरूप स्वीकार गर्ने।

१३. परराष्ट्र मन्त्रालयः नेपाल र इटालीका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा नेपाल सरकारका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने ।

१४. परराष्ट्र मन्त्रालयः नेपाल र इजिप्ट सरकारबीच सम्पन्न Agreement on Economic and Technical Cooperation लागू गर्ने सम्बन्धी relevant ratification process सम्पन्न भएको जानकारी गराउने ।

१५. परराष्ट्र मन्त्रालयः मिति २०७९ असार ३० गते आयोजना हुन लागेको नेपाल-चीन सीमा मामिलामा परामर्श बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सहसचिवको नेतृत्वको प्रतिनिधिमण्डल गठन गर्ने ।

१६. परराष्ट्र मन्त्रालयः नेपाल-मोरक्को द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा सहभागी हुन परराष्ट्र सचिवको नेतृत्वको प्रतिनिधिमण्डल गठन गर्ने ।

१७. परराष्ट्र मन्त्रालयः नेपाल र मोरक्को बीच "Agreement between the Government of Nepal and the Government of the Kingdom of Morocco on the Exemption of Visa for Diplomatic, Official, Service and Special Passports" को मस्यौदा स्वीकृत गर्ने ।

१८. रक्षा मन्त्रालयः सिराहा जिल्लास्थित चोहर्वामा तैनाथ श्री नं. २७ बाहिनी अड्डाको पेरिमिटर सुरक्षा सुदृढीकरण तथा भौतिक पूर्वाधार निर्माणको लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने ।

१९. रक्षा मन्त्रालयः नेपाली सेनाका बलाध्यक्ष रथी श्री सरोज प्रताप राणा नेतृत्वको भ्रमणदललाई (UNMISS) मिशन दक्षिण सुडानको निरीक्षण भ्रमण गर्न स्वीकृति दिने ।

२०. रक्षा मन्त्रालयः नेपाली सेनाका प्रधान सेनापति महारथी श्री प्रभुराम शर्मालाई अष्ट्रेलियाको सिड्नीमा सञ्चालन हुने "Annual Chiefs of Defense (CHOD) Conference-2022" मा भाग लिने स्वीकृति दिने।

२१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः वार्षिक रुपमा न्यूनतम एकसय जना नेपालीलाई वैदेशिक रोजगारीमा पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको इजाजतपत्र सोही ऐनको दफा ८२ बमोजिम आर्थिक वर्ष २०७९/०८० को लागि नवीकरण गर्न आएमा नवीकरण गरिदिने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः दक्षिण कोरियाको सिउल शहरमा हुने नेपाल कल्चर सेन्टर कोरिया कार्यालय, नेपाली साँस्कृतिक हलको समुदघाटन समारोह तथा बोर्ड अनावरण कार्यक्रममा मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने ।

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपालले हुलाक वस्तुको अन्तर्राष्ट्रिय डाँक ढुवानीको लागि विश्व हुलाक संघ (UPU) ले निर्धारण गरेको दरमा नबढ्ने गरी आवश्यकता अनुसार एक वा एक भन्दा बढी हवाई सेवा कम्पनीसँग सम्झौता गरी अन्तर्राष्ट्रिय डाँक ढुवानीको व्यवस्थापन गर्न हुलाक सेवा विभागका महानिर्देशकलाई अधिकार प्रदान गर्ने।

२४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक पदमा श्री प्रदिप शर्मा पौडेललाई नियुक्त गर्ने ।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीको भारत भ्रमण स्वीकृत गर्ने।

२६. सहरी विकास मन्त्रालयः नगर विकास कोषको सञ्चालक समितिको सदस्य पदमा रन बहादुर राई समेत ७ जनालाई मनोनयन गर्ने ।

२७. विशिष्ट श्रेणी/उप-महालेखापरीक्षक श्री रामु प्रसाद डोटेलले सेवा अवधिको कारणबाट मिति २०७९/४/१२ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री महेश्वर न्यौपानेले सेवा अवधिको कारणबाट मिति २०७९/४/१२ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२९. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत प्रदान गर्ने र सो रोग नियन्त्रणमा खटाइएकालाई प्रोत्साहन सुविधा प्रदान गर्ने ।

३०. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री यादवप्रसाद कोइरालासमेत ४ जना अधिकृतलाई सरुवा गर्ने ।

**संवत् २०७९ साल साउन ९ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको विचार कार्यान्वयन गर्न र संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद् अन्तर्गतका Special Rapporteur तथा Working group बाट माग हुने धारणा/राय/जवाफ/प्रतिक्रियाको जवाफ तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहसचिवको संयोजकत्वमा समिति पुनर्संरचना गर्ने।

२. अर्थ मन्त्रालयः सबैका लागि दिगो खानेपानी तथा सरसफाइ आयोजनाको लागि युरोपियन युनियनबाट प्राप्त हुने युरो १०.५ मिलियन अनुदान सहायता स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालयः स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने स्वीस फ्रैंक ७.४७ मिलियन (करिब रु. ९५ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः समयभित्र निवेदन दिन नसकी म्याद थप हुन नसकेका उद्योगले गर्नुपर्ने निर्माणका कामको प्रगति र उद्योगको प्रकृति हेरी प्रचलित कानूनबमोजिमको विलम्ब शुल्क लिई उद्योग दर्ता गर्ने निकायले तोकिएबमोजिम म्याद थप गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः आयात प्रतिबन्धले मुलुकको व्यापार घाटा न्यूनीकरण, मुलुकको आर्थिक स्थिति, विदेशी मुद्रा सञ्चिति र आपूर्ति व्यवस्थापनमा परेको प्रभावबारे अध्ययन गरी सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः The Finnish Meteorological Institute, फिनल्याण्डमा आयोजनामा हुने High level study visit कार्यक्रममा माननीय मन्त्री र सचिवलाई सहभागिता जनाउन स्वीकृति दिने ।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः United Nations Convention on the Law of the Sea on the conservation and sustainable use of marine Biological diversity of areas Beyond National Jurisdiction (BBNJ) अन्तर्गत Inter-Governmental Conference को पाँचौं सत्रमा कानून मन्त्रालयका सचिवलाई सहभागिता जनाउन स्वीकृति दिने ।

८. खानेपानी मन्त्रालयः खानेपानी मन्त्री र सचिवलाई Exposure visit program for waste water based epidemiology surveillance for SARC COV-2 कार्यक्रमा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

९. गृह मन्त्रालयः नेपाल प्रहरीमा नयाँ कार्यालय स्थापना, दरबन्दी सिर्जना र मौजुदा प्रहरी कार्यालयहरूको पुनर्संरचना गर्ने सन्दर्भमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१०. परराष्ट्र मन्त्रालयः नेपाली मूलका पोलिस नागरिक डा. बोधराज सुवेदीलाई ४ वर्षका लागि पोल्याण्डको अवैतनिक वाणिज्यदूत नियुक्त गर्ने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः मन्त्रालय अन्तर्गत आयोजना तथा कार्यक्रम सञ्चालन गर्न आ.व. २०७९/८० का लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिका सदस्यमा ललिता कुमारी महर्जनसमेत ३ जनालाई मनोनयन गर्ने ।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः तुर्कमेनिस्तानको आशागावतमा १५-१६ अगस्ट, २०२२ मा हुने Ministerial Transport Conference for LLDCs मा मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी सिर्जना गर्ने ।

१५. युवा तथा खेलकुद मन्त्रालयः गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको बाँकी कामलाई टुङ्गोमा पुऱ्याउनका लागि राय सुझाव उपलब्ध गराउन सहसचिव श्री प्रकूर्ण तुलाधारको संयोजकत्वमा प्राविधिक समिति गठन गर्ने ।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी वाणिराज खनालको अवकाशपूर्व विशेष बढुवा गर्ने ।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवाका सहायक रथी डा. राजीव राज शाहीको पदावधि थप गर्ने ।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवाका महासेनानी डा. राजकुमार निरौलाको पदावधि थप गर्ने ।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीलाई सफाइ पेश गर्न सूचित गर्ने ।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः चलचित्र विकास बोर्डको अध्यक्ष पदमा श्री भुवन के.सी.लाई मनोनयन गर्ने ।

२२. सहरी विकास मन्त्रालयः नेपाल सरकारलाई "भुकम्प स्मृति पार्क, गोरखा" को नाममा प्राप्त हुने जग्गामा नबढ्ने गरी जग्गा सट्टाभर्ना गर्न सहमति प्रदान गर्ने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको सदस्य पदमा डा. प्रकाशराज रेग्मीसमेत २ जनालाई मनोनयन गर्ने ।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः राष्ट्रिय जनस्वास्थ्य समितिको सदस्यमा डा. विकास लामिछानेलाई मनोनयन गर्ने ।

२५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री लक्ष्मण अर्यालले सेवा अवधिको कारणबाट मिति २०७९/४/१९ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२६. राष्ट्रिय अनुसन्धान विभागमा अतिरिक्त मुख्य अनुसन्धान निर्देशकको दरबन्दी सिर्जना गर्ने सम्बन्धमा सङ्क्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य यथाशीघ्र सम्पन्न गरी पेश गर्ने।

**<u>संवत् २०७९ साल साउन १९ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरूः</u>**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संघीयता कार्यान्वयनसम्बन्धी कार्यान्वयन कार्ययोजना सम्बन्धमा माननीय गृह मन्त्री; माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री; माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री; माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री र माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले अध्ययन गरी पेश गर्ने।

२. अर्थ मन्त्रालयः शहरी विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने ऋण सहायता सम्बन्धमा वार्ता टोली गठन गरी अख्तियारी प्रदान गर्ने ।
३. अर्थ मन्त्रालयः निक्षेप सुरक्षणको सीमा रु तीन लाखबाट वृद्धि गरी रु पाँच लाख पुऱ्याउने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।
४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको अध्यक्षमा गणेश प्रसाद भेटुवाललाई नियुक्त गर्ने ।
५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल औषधि लिमिटेडको अध्यक्षमा यज्ञ प्रसाद न्यौपानेलाई नियुक्त गर्ने।
६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः उदयपुर सिमेन्ट उद्योग लिमिटेडको अध्यक्षमा केशव कुमार बस्नेतलाई नियुक्त गर्ने।
७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः मध्य भोटेकोशी २२० के.भी. प्रसारण लाइन आयोजनाको विद्युत गृहदेखि बाह्रविसे सवस्टेशनसम्मको लागि क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने।
८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः नेपाल कृषि अनुसन्धान परिषद्को परिषद् सदस्यमा डा. राम बरन यादवसमेत ५ (पाँच) जनालाई मनोनयन गर्ने ।
९. गृह मन्त्रालयः संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा हुने United Nations Chiefs of Police Summit UNCOPS को तेस्रो सम्मेलनमा महानिरीक्षक, नेपाल प्रहरी र सशस्त्र प्रहरी महानिरीक्षकलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।
१०. गृह मन्त्रालयः संवत् २०७९ मङ्सिर ४ गतेका दिन एकै चरणमा प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचन गर्ने ।
११. गृह मन्त्रालयः सशस्त्र प्रहरी बल, नेपालको लागि Tactical shot gun र 9mm Pistol खरिद गर्ने प्रक्रिया स्थगन गर्ने ।
१२. परराष्ट्र मन्त्रालयः माननीय परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलको औपचारिक चीन भ्रमण स्वीकृत गर्ने ।
१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः लुम्बिनी सांस्कृतिक नगरपालिकालाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।
१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट लिजमा उपलब्ध गराइएका सरकारी जग्गाको प्रयोग सम्बन्धमा प्रयोजन तथा शर्तबमोजिम भए नभएको विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अनुगमन गरी नियमित रूपमा प्रतिवेदन गर्ने गरी अटिजम केयर नेपाल सोसाइटीलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।
१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः गुठी संस्थान सञ्चालक समितिका अध्यक्षलाई सफाइ पेश गर्ने मौका दिने ।
१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय भूमि आयोग गठन (संशोधन समेत) आदेश , २०७८ बमोजिम काठमाडौं समेतको ६ (छ) जिल्ला अध्यक्ष, १९ (उन्नाइस) विज्ञ सदस्य र ३५ (पैतिँस) सदस्य नियुक्त गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१७. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी निरज पौडेललाई अवकाशपूर्व उपरथी पदमा मानार्थ बढुवा गर्ने ।
१८. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी सुरेश कुमार बानियाको राजीनामा स्वीकृत गर्ने ।
१९. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी सागर बहादुर थापासमेत १२ (बाह्र) सैनिक अधिकृतको बढुवा गरी पदस्थापन तथा उपरथी ताराध्वज पाण्डेसमेत आठ रथीवृन्द र आठ सैनिक अधिकृतहरूको सरुवा गर्ने ।
२०. वन तथा वातावरण मन्त्रालयः वन तथा वातावरण मन्त्री र सचिवलाई Bishkek, Kyrgyzstan मा हुने Steering Committee Meeting of the Global Snow Leopard and Ecosystem Protection Program कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।
२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सुरुङ्गा नगरपालिका, सप्तरीको केन्द्र साबिक मधुपट्टीबाट सुरुङ्गा नगरपालिका वडा नं. ५ को कुशहा कायम गर्ने।
२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत रहेका राजमार्ग तथा रणनीतिक सडक र यसका पुल एवं स्रोत सुनिश्चित भई बहुवर्षीय कार्यक्रममा परेका आयोजना बाहेक अन्य कार्यक्रम तथा आयोजनाहरू सहरी विकास मन्त्रालयअन्तर्गत स्थापना हुने विभागलाई हस्तान्तरण गर्ने गरी स्थानीय पूर्वाधार विभागको व्यवस्थापन गर्ने ।
२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सुरक्षण मुद्रण केन्द्रको लागि आ.व. २०७९/८० का लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।
२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः Fourth Global Mental Health Summit मा सहभागिताको लागि स्वास्थ्य तथा जनसङख्या मन्त्रीलाई स्वीकृति प्रदान गर्ने।
२५. विषयको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग, २०७६ ले नेपाल सरकारसमक्ष पेश गरेको प्रतिवेदनहरू कार्यान्वयन गर्ने ।
२६. राजपत्राङ्कित प्रथम श्रेणीका नायब महालेखापरीक्षक श्री बिन्दु विष्टलाई बढुवा गरी उप-महालेखापरीक्षक पदमा पदस्थापन गर्ने।
२७. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री दिपक काफ्लेलाई बढुवा गरी लुम्बिनी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।
२८. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री यादवप्रसाद कोइरालासमेत ६ (छ) जना अधिकृतको सरुवा गर्ने ।
२९. प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ संशोधन गर्ने ।
३०. श्री अरुण कुमार सुवेदीलाई सम्माननीय प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकार पदमा नियुक्त गर्ने।
३१. श्री माधव बहादुर कार्कीलाई सम्माननीय प्रधानमन्त्रीको जलवायु परिवर्तन तथा वातावरण सल्लाहकार पदमा नियुक्त गर्ने।

**संवत् २०७९ साल साउन २६ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: South-South Exchange on preparing smooth Transition strategies: Graduating Cohort of 2021 कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय योजना आयोगका सचिवलाई स्वीकृति प्रदान गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: राष्ट्रिय अनुसन्धान विभागको संगठन संरचना तथा दरबन्दी स्वीकृत गरी रिक्त रहेको अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पद सङ्ख्या दुईमा श्री हुतराज थापासमेत दुई जनालाई नियुक्त गर्ने ।

३. अर्थ मन्त्रालय: जापान सरकारबाट पूर्वी तराईको सिँचाइ प्रणाली पुर्नस्थापना आयोजनाका लागि प्राप्त हुने जापानी येन २२५६ मिलियन (करिब रु.२ अर्ब १३ करोड ६४ लाख) अनुदान सहायता स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय: विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्राप्त हुने अमेरिकी डलर १०० मिलियन (करिब रु.१२ अर्ब ७० करोड) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने ।

५. अर्थ मन्त्रालय: मोरक्कोमा आयोजना हुने World Social Security Forum (WSSF) कार्यक्रममा सहभागी हुन सचिव (राजस्व)लाई स्वीकृति प्रदान गर्ने ।

६. अर्थ मन्त्रालय: उच्चस्तरीय तलब सुविधा आयोगको गठन, सेवा सुविधा तथा कार्यशर्त सम्बन्धमा आगामी मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव पेश गर्ने गरी आ.व. २०७९/८० मा राष्ट्रसेवक कर्मचारीको तलबमान वृद्धि गर्ने।

७. अर्थ मन्त्रालय: अर्थमन्त्रीको जनसम्पर्क सल्लाहकारमा मनऋषि धिताललाई नियुक्त गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: बैंकिङ्ग माध्यमबाट पैठारीको प्रक्रिया सम्पन्न भएका मालवस्तुलाई पैठारी गर्न स्वीकृति दिने ।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: मध्य मर्स्याङ्दी-मर्स्याङ्दी १३२ के.भी. प्रसारण लाइन आयोजनाको पहिरोले ढलेको टावर स्थानान्तरण गर्न लमजुङ जिल्ला राइनस नगरपालिका वडा नं. ८ मा प्रशारण लाईन निर्माण गर्न क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने ।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१३. गृह मन्त्रालय: सशस्त्र प्रहरी सेवा आयोगको सदस्यमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राष्ट्रिय सुरक्षा हेर्ने सचिवलाई तोक्ने।

१४. गृह मन्त्रालय: नसीम राईनको नेपाली नागरिकता प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने ।

१५. गृह मन्त्रालय: सप्तकोशी नदीमा आएको बाढीबाट बढी क्षति भएका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने ।

द्रष्टब्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः कुस्मा नगरपालिका पर्वतलाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।
१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।
१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः प्रदेश सरकारअन्तर्गत समावेश रहेका सडक आयोजनाहरू (वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम)लाई संघीय सरकारबाट सञ्चालन गर्ने ।
१९. युवा तथा खेलकुद मन्त्रालयः आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी स्वीकृति गर्ने।
२०. युवा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गर्ने ।
२१. रक्षा मन्त्रालयः भारतीय सेनाका स्थल सेनाध्यक्ष General Manoj Pande लाई नेपाल भ्रमणको निमन्त्रणा पठाउने ।
२२. रक्षा मन्त्रालयः UNDOF सिरियामा Head of Mission तथा Force Commander को रूपमा कार्यरत रहन नेपाली सेनाका उपरथी श्री निर्मल कुमार थापालाई स्वीकृति प्रदान गर्ने ।
२३. रक्षा मन्त्रालयः नेपाली सेनाका उपरथी प्रदिप जंग के.सी. को मित्रराष्ट्र माल्दिभ्समा सञ्चालन हुने 15th Annual Indo-Pacific Intelligence Chiefs Conference (IPICC) मा सहभागिताको लागि स्वीकृति दिने ।
२४. वन तथा वातावरण मन्त्रालयः कल्याणपुर-गाईघाट सडक खण्ड निर्माणका लागि सप्तरी र उदयपुर जिल्लाको वन क्षेत्र प्रयोग गर्न दिने ।
२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः US Department of Energy को आयोजनामा हुने Fundamental of Non-Destructive Assay of Safeguards Professional कार्यक्रममा सहभागिताका लागि सचिव (विज्ञान तथा प्रविधि) लाई स्वीकृति दिने ।
२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः द्वन्द्वपीडित शिक्षक सानु पाण्डेलाई प्रचलित कानूनबमोजिम रिक्त दरबन्दीमा पुनर्बहाली गर्ने।
२७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नवौं एशिया प्रशान्त क्षेत्रीय सम्मेलनमा माननीय मन्त्रीलाई सहभागिता जनाउन स्वीकृति प्रदान गर्ने ।
२८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः आ.व. २०७९/८० को लागि अस्थायी दरबन्दी सिर्जना गर्ने ।
२९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः सर्वोच्च अदालतको परमादेशबमोजिम अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न ई. वीरेन्द्र वहादुर देउजाको संयोजकत्वमा विज्ञ समूह गठन गर्ने ।
३०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को ४१ औं महासभामा सहभागिताको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने ।
३१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीको रोमानिया भ्रमण स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

३२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय सूचना प्रविधि केन्द्रको लागि अस्थायी दरबन्दी सिर्जना गर्ने ।

३३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची -३ मा रहेको "प्रमुख विशेषज्ञ" भन्ने शब्दहरुको सट्टा "अतिरिक्त स्वास्थ्य सचिव" रहने गरी हेरफेर गर्ने ।

३४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री कृष्णहरि पुष्कर कर्ण समेत ४ (चार) जना अधिकृतको सरुवा गर्ने ।